# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि.

## सुरक्षाकर्मी करार सेवामा आपूर्ती गर्ने सम्वन्धी दरभाउपत्र आह्वानको सूचना

### प्रकाशित मिति २०७९/०७/२५

यस कम्पनीको प्रधान कार्यालय र प्रादेशिक कार्यालय काठमाण्डौ थापाथलीको लागि ३/३ जना गरी जम्मा ६ (छ) जना जवान सुरक्षाकर्मीहरू १ बर्षको लागि करार सेवाबाट आपूर्ति गर्न आवश्यक भएकोले नेपाल सरकारको सम्वन्धित निकायबाट ईजाजत प्राप्त गरी मुल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएका इच्छुक फर्म, कम्पनी वा एजेन्सीहरूवाट तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही रीतपूर्वक गोप्य शिलबन्दी दरभाउपत्र पेश गर्नका लागि १० दिने दरभाउपत्र आह्वानको सूचना प्रकाशन गरिएको छ।

<u>तपशिल</u>

१. कम्पनीको मानव संसाधन विभागको आन्तरिक व्यवस्थापन शाखा, प्रधान कार्यालय काठमाण्डौ वा प्रादेशिक कार्यालय थापाथली काठमाण्डौंबाट फिर्ता नहुने गरी रु. १,०००/– रकम दाखिला गरी दरभाउपत्र फारम र सो सम्बन्धी कागजात सेट खरिद गर्न सकिनेछ।

२. दरभाउपत्रदाताले धरौटी वापत रु. ४५,४१४/- नगद वा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. को नेपाल बैक लि. काठमाण्डौं, वैंकिङ्ग कार्यालयमामा रहेको चल्ती खाता नं. ००२००१००५०२४२४००००१ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा सो बराबरको "क" वर्गको बैंक (बाणिज्य बैंक) बाट जारी भएको बैक जमानत (Bid Bond) राख्नु पर्नेछ।

३. कम्पनीले सुरक्षा गर्नुपर्ने स्थान, धरौटी रकम आदि विवरण दरभाउपत्र फारम र सम्झौतामा तोकिए बमोजिम हुनेछ।

४. कम्पनीको आवश्यकता हेरी सुरक्षाकर्मीको संख्या थपघट हुन सक्नेछ। थपघट भएमा सोही अनुसार कार्य गर्नु पर्नेछ।

५. दरभाउपत्रदाताले दरभाउपत्र सम्बन्धी जानकारीमा उल्लेख भएको व्यहोरा अध्ययन गरी रकम हिसाव गरी दररेट कवुल गर्नु पर्नेछ।

६. दरभाउपत्रदाताले दरभाउपत्र कागजात सेटमा तोकिएका कागजातहरू दरभाउपत्र फारम साथ अनिवार्य सलंग्न राखी शिलवन्दी गरी दर्ता गर्नु पर्नेछ।

७. यो सूचना प्रकाशित भएको मितिले १० दिन अर्थात मिति २०७९/०८/०५ गते सम्म दरभाउपत्र खरिद गरी दरभाउपत्रदाता वा निजको आधिकारिक प्रतिनिधीले रितपूर्वक सही छाप तथा शिलबन्दी गरी ११ औं दिन अर्थात मिति २०७९/०८/०६ गते दिउंसो १२:०० बजे भित्र यस कार्यालयको आन्तरिक व्यवस्थापन शाखामा पेश गर्न सकिनेछ। समय नाघी आएको दरभाउपत्र स्वीकार गरिने छैन। पेश हुन आएका दरभाउपत्र सोही दिन दिउंसो २:०० बजे यस कार्यालयमा खोलिनेछ। दरभाउपत्र खरिद गर्ने अन्तिम दिन वा वुझाउने/खोल्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू कार्यालय खोलिएको दिन गरिनेछ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
प्रधान कार्यालय
काठमाडौं
२०७६

८. दरभाउपत्रदाताले दरभाउपत्र फर्ममा आफ्नो नाम, ठेगाना, सही छाप गरी लाहा लगाई पेश गर्नुपर्नेछ। दरभाउपत्र राखेको खाम बाहिर **"करार सेवामा सुरक्षाकर्मी आपूर्ती गर्ने कार्यको दरभाउपत्र"** भन्ने उल्लेख गरी खाम शिलबन्दी गर्नुपर्ने छ। साथै फर्म, संस्था वा कम्पनी आफैले खरिद गरेको दरभाउपत्र पेश गर्नु पर्नेछ।

९. रीत नपुगेको वा म्याद नाघी आएका दरभाउपत्रउपर कुनै कार्यवाही गरिने छैन।

१०. दरभाउपत्र स्वीकृत भएको जानकारी पाएको ७ दिन भित्र नियमानुसार कार्य सम्पादन जमानत पेश गरी सम्झौता गर्नु पर्नेछ। निर्धारित समय भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत हुनेछ।

११. दरभाउपत्रको मान्य हुने अवधी दरभाउपत्र पेश गर्ने अन्तिम मितिले **४५ दिनको** हुनेछ। दरभाउपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनी सुरक्षित रहनेछ।

१२. सुरक्षा सम्वन्धि कार्यमा सम्झौताको शर्तहरु कार्यान्वयनको शिलशिलामा कुनै किसिमको विवाद उत्पन्न भएमा दुवै पक्षको आपसी सहमतीबाट विवादको टुङ्गो लगाईनेछ। यसरी विवाद टुङ्गो नलागेमा यस कम्पनीको खरिद तथा आर्थिक प्रशासन विवियमावली, २०७९ को विवाद समाधान सम्बन्धी व्यवस्थामा उल्लेखित र प्रचलित नेपाल कानुन प्रावधान अनुरुप टुङ्गो लगाईनेछ।

१३. शिलबन्दी दरभाउपत्र सम्वन्धी सूचना सम्वन्धीत कार्यालयको सूचना पार्टीमा तथा कम्पनीको website:-www.fmtc.org.np मा समेत हेर्न सकिन्छ। साथै अन्य विस्तृत जानकारीको लागि कार्यालय खुलेको दिन कार्यालय समयमा प्रधान कार्यालयमा उपस्थित भई जानकारी लिन वा टेलिफोनवाट सम्पर्क राख्न सकिनेछ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
प्रधान कार्यालय
काठमाडौं
२०६६

मानव संसाधन बिभाग
प्रधान कार्यालय, काठमाण्डौं
टेलिफोन नं. ०१-४२४८८८३, ४२४८८९१